अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १२ मितिः २०७८/०६/२४

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको प्रजनन् बोका वितरण ५० प्रतिशत अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७८ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# प्रजनन् बोका वितरण ५० प्रतिशत अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७८

**पृष्ठभूमिः**

अजिरकोट गाउँपालिकाको चालु आ.व.मा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा प्रजनन् बोका वितरण ५०% अनुदान कार्यक्रम संचालन गर्न अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यालयबाट यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सन्क्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम "प्रजनन् बोका वितरण ५०% अनुदान कार्यक्रम संचालन कार्यविधि" रहेको छ ।

२) यो कार्यविधि अजिरकोट गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि अजिरकोट गाउँपालिका भर लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "गाउँपालिका" भन्नाले यस अजिरकोट गाउँपालिकालाई जनाउंदछ ।

२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

३) "शाखा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका पशु सेवा शाखाको प्रमुख सम्झनु पर्दछ ।

४) "गाउँ कार्यपालिका" भन्नाले अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछु ।

५) "समिति" भन्नाले छनौट समिति सम्झनु पर्दछ ।

## परिच्छेद ३
## उद्देश्य

**३. उद्देश्यहरु :**

१) उन्नंत जातको प्रजजन बोकाको माध्यमबाट बाख्राको नश्ल सुधार गरि उत्पादन बृद्दी गर्ने

## परिच्छेद ४
## छनौट प्रक्रिया

**४. छनौट समिति** :

छनौट समिति देहाय बमोजिमको हुनेछ :

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक १ जना

ख) योजना शाखा प्रमुख - सदस्य १ जना

ग) प्र. प्रशासकीय अधिकृतले तोकेको प्रशासन वा लेखा शाखाको कर्मचारी - सदस्य १ जना

घ) सम्बन्धित विषयगत समितिको संयोजक - सदस्य १ जना

ङ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिब १ जना

**५. छनौट समितिको काम कर्तब्य र अधिकार :** छनौट समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ,

क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहिको प्राथमिकीकरण गर्ने,

ख) लाभ ग्राहिको छनौट गर्ने,

ग) कार्यक्रम सम्झौता गरि कार्यान्वयनको चरणमा लैजाने,

घ) समितिको बैठक सम्बन्धि प्रावधान समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. छनौट प्रक्रिया :**

१) रित पुर्वक पेश हुन आएका आवेदकहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा छनौट समितिले प्राथमिकीकरण गर्नेछ ।

२) छनौट भएका आवेदनहरू स्वीकृतिका लागि पशु सेवा शाखाले समिति समक्ष पेश पर्नेछ ।

३) समितिमा प्राप्त निवेदन उपर छलफल गरि समितिले कार्यक्रमको लागि लाभग्राही छनौट गर्नेछ ।

## परिच्छेद ५
## कार्यक्रम संचालन

### ७. संचालन विधि

क) आवेदन पेश गर्नको लागि कम्तिमा ७ दिनको सार्वजनिक सुचना प्रकाशन गरिनेछ ।

ख) आवेदकले अनुसुचि २ बमोजिम निवेदन र कागजातहरु पेश गर्नुपर्नेछ ।

ख) स्थलगत अनुगमन, मुल्यांकन तथा सम्बन्धित प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा छनौट समितिले अनुदानाग्राही छनौट गर्नेछ ।

ग) छनौट भएका कृषक,कृषि फर्म,कृषि समूह र सहकारी संग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिनेछ।

घ) तोकिएको समय अवधिभित्र भित्र सम्झौता गर्न नआएको खण्डमा प्राथमिकताको आधारमा अन्य कृषकलाई कार्यक्रम प्रदान गरिने छ ।

### ८. प्रजनन बोका खरिद सम्बन्धि व्यवस्था :

क) गाउँकार्यपालिकाको कार्यालयले सार्वजनिक खरिद सम्बन्धि कानुन बमोजिम उन्नत जातको प्रजनन् बोकाको खरिद गर्नेछ ।

ख) बोका खरिदको लागि ५०% अनुदानमा प्रति कृषक बढीमा रु.२५०००/- अनुदान उपलब्ध गराइने छ र कम्तिमा ५०% रकम कृषक आफैले व्याहोर्नु पर्नेछ ।

### ९. प्रजनन् बोका खरिद तथा व्यवस्थापन सम्बन्धि शर्तहरु :

क) गाउँपालिकाबाट अनुदानमा खरिद भएको ब्याडको बोकाको व्यवस्थापन वडा अध्यक्षको सिफारिसमा हुनेछ ।

ख) बोकाको सुरक्षा कृषक स्वयंले गर्नु पर्नेछ । बोका हराएमा, चोरी भएमा वा अकालमा मृत्यु भएमा कारण पत्ता लगाई कृषक दोषी ठहर भएमा बोकाको चलनचल्तीको जरिवाना स्वयंले तिर्नु पर्नेछ ।

ग) अनुदानमा उपलब्ध ब्याड बोका बिरामी भएमा तुरुन्त वडा कार्यालय र पशु सेवा शाखामा खबर गर्नुपर्नेछ ।

घ) ब्याड बोकाको बिमा गर्ने जिम्मा कृषक स्वयंको हुनेछ र बिमाको निम्ति आवश्यक प्राविधिक सहजीकरण गाउँपालिकाबाट गरिनेछ ।

ङ) बाख्रामा बोका लगाएको प्रगति विवरण कृषकले गाउँकार्यपालिकाको कार्यालय, पशु सेवा शाखामा अनिवार्य पेश गर्नु पर्नेछ ।

च) माथि उल्लिखित भएका शर्तहरु पुरा गरे नगरेको निरन्तर अनुगमन सम्बन्धित वडाको पशु प्राविधिक, वडा अध्यक्ष र पशु सेवा शाखाले गर्नेछ ।

**९. अनुगमनः**

१) संचालित कार्यक्रमको गाउँपालिका, वडा कार्यालय तथा पशु सेवा शाखाले अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

## परिच्छेद ६

## विविध

११. **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. **वाधा अड्काउ फुकाउ** : यो कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्काउ आइपरेमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

## अनुसुचि — १
## (दफा ७(ख) संग सम्बन्धित)
## अनुदान कार्यक्रम माग गर्न पेश गर्ने निवेदनको ढाँचा

मितिः.......................................

श्री मान् पशु सेवा शाखा प्रमुख ज्यु,
अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
भच्चेक, गोरखा

**विषयः अनुदानमा प्रजनन बोका माग सम्बन्धमा**

प्रस्तुत विषयमा अजिरकोट गाउँपालिका, पशु सेवा शाखाबाट मिति .............................मा प्रकाशित सुचना अनुसार ....................................................................... शिर्षकको अनुदान कार्यक्रम संचालन गर्न तपशिलका कागजातहरु संलग्न गरी आवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु |

**संलग्न कागजातहरुः**

१) अघिल्ला दुइ आर्थिक बर्षमा कुनै कार्यालय / संस्थाबाट अनुदान प्राप्त गरे वा नगरेको उल्लेख गरि अनुदान लिन उपयुक्त भएको व्यहोरा सहितको निवेदन
२) आवेदकले आफुले संचालन गर्ने व्यवसायको परियोजना प्रस्ताव
३) सम्बन्धित वडा कार्यालयको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा विगतमा सहयोग उपलब्ध भएको भए सो को व्यहोरा खुलाई थप अनुदान सहयोग दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र
४) नवीकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि एक प्रति
५) स्थाई लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि एक प्रति (भए)
६) समुह वा संस्थाको हकमा कार्यसमितिको बैठक को अनुदान माग गर्नको लागि गरेको निर्णय प्रतिलिपी
७) फर्म वा व्यवसाय संचालनमा रहेको जग्गा धनि प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि
८) कार्यक्रम संचालन हुने आर्थिक वर्षको सम्पति कर तथा भूमिकर तिरेको रसिदको प्रतिलिपि
९) सम्बन्धित विषयमा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि

<u>निवेदकको</u>
दस्तखत :
नाम,थर :
ठेगाना :
सम्पर्क नम्बर र छाप :

**अनुसुचि २**

**(दफा ७(ग) संग सम्बन्धित)**

| **क.स** | **कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु** | **अंक** |
|---|---|---|
| १. | बाख्रा संख्या (माउ बाख्रा) | २०-३० सम्मको लागि १०<br>३१-४० वटाका लागि १५<br>४० वटा भन्दा बढी २५ |
| २. | लागत साझेदारीको अनुपात (कार्यालय : आवेदक) | १:१५ भन्दा बढी — १५<br>१:१ भन्दा बढी देखि १.१५ सम्म -१० |
| ३. | व्यावसायिक घास खेति गरिएको जग्गाको क्षेत्रफ़ल | १ रोपनी भन्दा कमका लागि ५<br>१ रोपनी देखि १० रोपनी सम्म १०<br>१० रोपनी भन्दा बढी १५ |
| ४. | सम्बन्धित विषयमा ७ दिन भन्दा बढी तालिम लिएको | क) ७ दिन वा सो भन्दा बढी तालिम लिएको — १०<br>ख) ७ दिन भन्दा कम तालिम लिएको- ५ |
| ५. | अघिल्लो आ.व. मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको | नलिएको — १०<br>उल्लिखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको -५ |
| ६. | लक्षित् वर्ग | सिमान्तकृत १५, दलित र जनजाति १०, अन्य ५ |
| ७. | प्रस्तावकको मुख्य पेशा | क) मुख्य पेशा भएमा — १०<br>ख) सहायक पेशा भएमा — ५ |
| ८. | फर्म दर्ता भएको | क) ३ वर्ष भन्दा बढी भएको - १५<br>ख) १ वर्ष देखि ३ वर्ष भएको - १०<br>ग) १ वर्ष भन्दा कम समय भएको - ५ |
| ९. | खोरको अवस्था | कुल अंक- २० |

## अनुसुचि ३

## आवेदकले पेश गर्ने प्रस्ताव-पत्र

### १.आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण :

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| आवेदक संस्थाको किसिम (कुनै एकमा चिन्न लगाउने) | १. कृषक समूह<br>२. सहकारी<br>३. दर्तावाल फर्म<br>४. कृषक |
| प्रोपाइटर वा अध्यक्षको नाम | |
| संस्था दर्ता भएको मिति | |
| स्थाई लेखा नं. | |
| संस्थाको मुख्य उद्देश्य | |
| कार्यक्रम संचालन हुने स्थान | |
| अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भैरहेको भए, कुन संस्थाबाट के उद्देस्यको लागि वित्तिय सहयोग प्राप्त गर्नु भएको, खुलाउनुहोस | |
| विगत २ वर्षमा अजिरकोट गाउँपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण | |

### २. हालको व्यावसायिक विवरण :

| क,स, | व्यवसाय | क्षेत्रफल् वा संख्या | उत्पादन परिमाण | उत्पादन मूल्य | प्रविधि प्रयोग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## २. क्रियाकलापको विवरण

| क्र.स. | क्रियाकलापको विवरण | परिमाण | अनुमानित लागत | | कुल रकम | सम्पन्न गर्न लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आफुले व्यहोर्ने | माग गरिएको | | | |
| पुँजीगत तर्फ | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| अन्य कार्यहरु | | | | | | | |
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

४. कार्यक्रम संचालनबाट प्राप्त उपलब्धीहरु

५. बजार योजना

६. नवीनतम सोच र दिगोपना :

# अनुसुचि ४

## सम्झौताको ढाँचा

.................... गते प्रजनन् बोका ५०% अनुदान प्रथम पटक प्रकाशित सुचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस अजिरकोट गाउँपालिकाको पशुपन्छी शाखाको मिति....................को निर्णयबाट श्री..........................................................................................................को प्रस्तावना छनौट भएको हुदाँ अजिरकोट गाउँपालिका पशु सेवा शाखा (यस पछी प्रथम पक्ष भनिने ) र श्री.......................................................................................................... (यस पछी दोस्रो पक्ष भनिने) का बिच तपशिल बमोजिमका शर्तहरु पालनागरि कार्यक्रम संचालनगर्न मञ्जुरभै यो द्धिपक्षिय सम्झौता गरिदयौं /लियौं ।

१) प्रथम पक्षबाट प्राप्तभएको ५०% अनुदानमा बिउ बोका बितरण कार्यक्रम गोरखा जिल्ला अजिरकोट गाउँपालिका........नं.वडा.........................टोलको...................................................................... फर्म/समुह/सहकारी सस्थालाई प्रदान गरिनेछ ।

२) प्रथम पक्षले बितरण गरेको बोकाको खुद रकमको ५०% रकम दोस्रो पक्षले बेहोर्नु पर्नेछ ।

३) प्रथम पक्षले ल्याएको बोका बिभिन्न बहाना बनाई खोट लगाई दोस्रो पक्षल`नलान आनाकानी गर्न पाइनेछैन ।

४) प्रथम पक्षले अनुदान मा उपलब्ध गराएको बिउ बोका दोस्रो पक्षले अन्यकुनै पनि ब्यक्तिवा संस्थामा रुपान्तरण गर्न पाईनेछैन ।

५) दोस्रोपक्षले कारणवंश फर्म, सस्था बन्द गर्नुपरेमा प्रथम पक्षले उपलब्ध गराएको अनुदान बराबरको बिगो प्रथम पक्षलाई फिर्ता गर्नुपर्नेछ ।

६) दोस्रो पक्षले मासिक रुपमा प्रगति बिबरण लगाएतका अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

७) प्रथम पक्षबाट ५०% अनुदान उपलब्ध गराएको बिउ बोकाको सम्पूर्ण स्याहार, हेरचाह औषधी उपचार दोस्रो पक्षलेगर्नुपर्नेछ । दोस्रो पक्षले प्रजनन् कार्यमाबोका समाबेश गराएबापत रु २०० लिनपाउनेछ ।यस कार्यको रकम हेरफेर गर्नुपर्ने भएमा प्रथम पक्ष सँग समंन्वय गरीमात्र हेरफेर गर्नुपर्नेछ ।

८) प्रथमपक्षले बितरण गरेको बोका दोस्रोपक्षले परिवर्तन गनुपरेमा प्रथम पक्षको उपस्थितिमा दोस्रो पक्षले तिरेको रकम तिरी तेस्रो ब्यातिकले लैजान सक्नेछ ।

९) बेच्न,काटि खान पाईने छैन यदी तेस्तो कार्य गरेको पाईएमा जस्तो सुकै सजाय पनि भोग्न तयार हुनुपर्ने छ ।

१०) सम्झौतामा उल्लेख हुन छुटेका बिषयहरुको हकमा प्रचलितनियम, कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

| <u>**प्रथम पक्ष**</u> | <u>**दोश्रो पक्ष**</u> |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| संस्थाको छाप : | संस्थाको छापः |

रहोबर :

इति सम्बत **.........** साल **...........**महिना.......गते ....... रोज..........शुभम्

मिति : २०७८/ गतेको गाउँकार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु ।

नामः भेषराज आचार्य

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमाणीकरण मिति : २०७८/

आज्ञाले,

नामः भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत